**छलफल तथा निर्णयहरु**

१. भौतिक पूर्वाधार महाशाखाबाट पेश हुन आएको "GIS for Decentralised Planning and Decision Support in Nepal" विषयक कार्यका लागि भौतिक पूर्वाधार हेर्नुहुने माननीय सदस्यको संयोजकत्वमा केन्द्रीय तथ्याङ्क विभाग, नापी विभाग, भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकहरु, अन्य सरोकारवाला मन्त्रालयबाट सहसचिवस्तरको प्रतिनिधि, ICIMOD का प्रतिनिधि सदस्य र भौतिक पूर्वाधार महाशाखाका सहसचिव सदस्यसचिव रहने गरी एक निर्देशक समिति गठन गर्ने । प्रस्तुत कार्यका लागि आवश्यक पर्ने कार्य शर्त (Terms of Reference) तयार गर्ने लगायतका अन्य व्यवस्थापकीय कार्य सोही समितिले गर्ने ।

२. सन् २००८ देखि सार्क सदस्य राष्ट्रहरुको सहभागितामा प्रत्येक वर्ष आयोजना हुँदै आएको क्षेत्रीय विकास, आर्थिक एकीकरण तथा सहयोगका सम्भावनाहरुलाई अभिवृद्धि गर्ने साझा मञ्चका रुपमा रहेको दक्षिण एसिया आर्थिक सम्मेलन (South Asia Economic Summit – SAES) को दशौं संस्करण काठमाडौंमा १४-१६ नभेम्बर, २०१७ मा राष्ट्रिय योजना आयोगले आयोजना गर्ने । हाल निर्वाचन आचार संहिता लागू भएको सन्दर्भमा प्रस्तुत सम्मेलन आयोजनार्थ निर्वाचन आयोगको सहमति लिई आवश्यक तयारी अघी बढाउने ।

३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहकार्यमा केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको नेपाल स्ट्याण्डर्ड्स् जियो कोडिंग (Nepal Standards Geo-Coding) स्वीकृत गर्ने ।